गौ.गा.का.पा.बै.सं-०६/२०८२/०८३

आज मिति २०८२/०८/२६ गतेका दिन गौमुखी गाउँपालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको अध्यक्षतामा गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसिं तपशिल बमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | अध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल वहादुर थापा | वडाध्यक्ष, वडा नं १ |
| श्री डोर बहादुर राना | वडाध्यक्ष, वडा नं २ |
| श्री जँग वहादुर पुन मगर | वडाध्यक्ष, वडा नं ३ |
| श्री धनिराम सुनार | वडाध्यक्ष, वडा नं ४ |
| श्री वरुणध्वज मल्ल | वडाध्यक्ष, वडा नं ५ |
| श्री चन्द्र वहादुर खत्री | वडाध्यक्ष, वडा नं ६ |
| श्री कोमल पुरी | वडाध्यक्ष, वडा नं ७ |
| श्री निमा सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री कमला के.सी. | गाउँ कार्यपालिका सदस्य |
| श्री तेजमला राना मगर | गाउँ कार्यपालिका सदस्य |
| श्री सिता सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री वोम वहादुर सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री सुमित्रा गौचन थकाली | गाउँ कार्यपालिका सदस्य |
| श्री घनश्याम अर्याल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

आमन्त्रित

दुर्गा प्रसाद सुवेदी - प्रशासकीय अधिकृत

Scanned with CamScanner

## निर्णयहरु

निर्णय नं. १ : कार्यविधि संशोधन सम्बन्धमा ।

क) गौमुखी गाउँपालिकाबाट निर्माण गरेको आकस्मिक बाली संरक्षण कोष संचालन सम्बन्धी कार्यविधि,२०७७ लाई समय सान्दर्भिक र गौमुखी गाउँपालिकाको आकस्मिक बालिलाई व्यवस्थित गर्न देहायबमोजिमको दफामा संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो।

देहाय :

१. आकस्मिक बाली संरक्षण कोष संचालन सम्बन्धी कार्यविधी,२०७७ को दफा ३ को (घ) मा बाली नास भन्नाले :- प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई कृषी उपजमा क्षती भएको अवस्थालाई सम्झनु पर्छ भन्ने सट्टा संशोधन गरि बाली नास भन्नाले :- प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई कृषी उपज तथा पशुमा क्षती भएको अवस्थालाई सम्झनु पर्छ भन्ने परिभाषालाई कायम गर्ने।

२. आकस्मिक बाली संरक्षण कोष संचालन सम्बन्धी कार्यविधी,२०७४ को दफा ६ को उपदफा (१) मा ३ सदस्यीय सदस्यबाट संशोधन गरि आकस्मिक बाली संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन,आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय बमोजिम ५ सदस्यिय सदस्य रहने गरी र देहायबमोजिम सदस्य सचिव कायम हुने गरि एक्र आकस्मिक बाली संरक्षण कोष सिफारिस समिति कायम गर्ने निर्णय गरियो।

क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ) पशु शाखा प्रमुख – सदस्य

ङ) कृषि शाखा प्रमखु – सदस्य सचिव

आकस्मिक बाली संरक्षण कोष सिफारिस समितिमा सदस्य सचिवको भुमिका निर्वाह कृषि संग सम्बन्धीत विषय बस्तु भए कृषि शाखा प्रमुख र पशु संग सम्बन्धीत विषय बस्तु भए पशु सेवा शाखा प्रमुखले गर्ने।

ख) गौमुखी गाउँपालिकाबाट निर्माण गरेको भकारो सुधार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि,२०७७ लाई समय सान्दर्भिक र गौमुखी गाउँपालिकाको आकस्मिक बालिलाई व्यवस्थित गर्न देहायबमोजिमको दफामा संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो।

देहाय :

१. भकारो सुधार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि,२०७७ को दफा ९ मा अनुदान रकमको व्यवस्था :- वडा बाट छनौट भएका कृषक समुहलाई मूल्याडंकन गरि प्रति भकारो सुधारको लागि

बढिमा रु १००००/-(दश हजार मात्र) सम्म अनुदान रकम उपलब्ध गराईनेई भन्ने सट्टा संशोधन गरि दश हजारमा नबढ्ने गरि थप ५० प्रतिशत बढि काम गर्ने गरि १००००/- (दश हजार) रकम भुक्तानी गरिने छ भन्ने बाक्य कायम गर्ने।

२. भकारो सुधार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि,२०७७ को दफा १२ मा गौमुखी गाउँपालिकास्तरीय कार्यक्रम व्यवस्थापन समिति थप गरि देहाय बमोजिम ५ सदस्यिय सदस्य रहने गरी गाउँपालिकास्तरीय कार्यक्रम व्यवस्थापन समिति कायम गर्ने निर्णय गरियो।

च) गाउँपालिका अध्यक्ष – अध्यक्ष

छ) गाउँपालिका उपाध्यक्ष – सदस्य

ज) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

झ) विषयगत समितिको संयोजक – सदस्य

ञ) कृषि शाखा प्रमखु – सदस्य सचिव

**निर्णय नं. २ : घर बिमा सम्बन्धमा ।**

गौमुखी गाउँपालिकाले गौमुखी गाउँपालिकाको कार्यालय पुजा,लिवासे,प्यूठान र नेको इन्स्योरेन्स कम्पनी लिमिटेड,अनामनगर,काठमान्डौ विच आर्थीक वर्ष २०८१/०८२ मा कच्चि घर बीमा सम्बन्धी कारोबार गर्ने द्विपक्षीय संझौता भएकोमा सम्झौताको बुदा नं. ३ मा विमाको समयावधि सकिएको १ वर्ष पछि यो संझौताको लागि दूवै पक्षको सहमतिमा नविकरण गर्न सकिनेछ भन्ने बुदालाई आधार मान्दै नेको इन्स्योरेन्स कम्पनी लिमिटेड,अनामनगर,काठमान्डौलाई विमा नविकरणको लागि पत्राचार गर्ने र आ.व. २०८१/०८२ मा विमा गर्न छुटेका घरहरुलाई आ.व. २०८२/०८३ मा विमा गर्नको लागि सूचना आवहान गर्ने सर्वसम्मतरुपमा निर्णय गरियो ।

**निर्णय नं. ३ : ढुङ्गा,गिट्टी र बालुवाको निकासि सम्बन्धमा ।**

गौमुखी गाउँपालिकाबाट आ.व. २०८२/०८३ मा ढुङ्गा,गिट्टी र बालुवाको निकासिको लागि नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (६) को प्रावधानमा रहि ढुङ्गा,गिट्टी र बालुवाको लागि वातवरणीय प्रभाव मूल्याङ्कन (EIA) बमोजिम तोकिएको घाटहरुबाट उत्खनन,संकलन र बिक्री गर्नको लागि बोलपत्र/दरभाउपत्रको २ पटक सूचना प्रकाशन गर्दा पनि कुनै वोलपत्रदाताले वोलपत्र/दरभाउपत्र पेश नगरेको सन्दर्भमा गौमुखी गाउँपालिकाको वडा नं. ५ र ७ मा अवस्थित फड्के/सालिविसौना घाटबाट ढुङ्गा गिट्टी बालुवा निकासिको लागि नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (६) को प्रावधान रहि देहायबमोजिम फड्के नाकाबाट राजश्व संकलन गर्न गुमे गिरीलाई र सालिबिसौना घाटबाट राजश्व संकलन गर्न विष्णु पुरीलाई गाउँ कार्यपालिकाको मिति २०८२/०८/२६ को निर्णय अनुसार जम्मेवारी दिने सर्वसम्मत रुपमा निर्णय गरियो साथै राजश्व संकलनको लागि नगदि रसिद जिम्मेवारी तोकिएको

घनश्याम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

व्यक्तिहरुलाई गाउँपालिकाबाट उपलब्ध गराउने र निकास भएमो प्रति ट्रीपको २५% रकम राजश्व उठाउनेले प्राप्त गर्ने गरि ढुङ्गा,गिट्टी र बालुवाको विक्रि वितरण तथा निकासि गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो। यसका साथै नगर प्रहरीहरुलाई राजश्व संकलन पारदर्शी एवं चलायमान बनाउन सहयोग गर्न र आवश्यकता अनुसार अनुगमनका साथै नियमन गरि देहायबमोजिम राजश्व संकलन गर्नको लागि नगदी/प्राप्ति रसिद सहित थप जिम्मेवारी दिने र खटाइएका नगर प्रहरीहरुलाई दैनिक खाजा खर्चको लागि रु १५०/- रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

देहाय :

| क्र.स. | ढुवानि साधन | संख्या | दर | कैफियत |
|---|---|---|---|---|
| १ | टयाक्टर | १ (प्रत्येक ट्रिप) | ५०० | |
| २ | टिप्पर | १(प्रत्येक ट्रिप) | कार्यालयको समन्वयनमा नियमानुसार | |

**निर्णय नं. ४ : छात्रवृति रकम उपलब्ध गराउन बैदेशिक रोजगार वोर्डको सचिवालयलाई सिफारिस गर्ने सम्बन्धमा ।**

गौमुखी गाउँपालिका भित्रका तपशिल बमोजिमका विद्यालयमा अध्यनरत निम्न परिवारका निम्न विद्यार्थिहरुलाई छात्रवृति प्रदान गर्न उपर्युक्त देखी तपशिलका विद्यालयको शिफारिसको आधारमा देहाय बमोजिम निम्न विद्यार्थिहरुलाई छात्रवृद्धि रकम उपलब्ध गराउन बैदेशिक रोजगार वोर्डको सचिवालय बबरमहल काठमान्डौ सिफारिस साथ पठाउने सर्वसम्मतरुपमा निर्णय गरियो ।

| क्र. सं. | विद्यार्थिको नाम | विद्यालयको नाम | जन्म मिति | आ. व. २०८२/०८३ को कक्षा | वैदेशिक रोजगारमा मृत्यू /अशक्त भएको परिवारको नाम | वैदेशिक रोजगारमा मृत्यू /अशक्त भएको परिवारसंग को नाता | राहदानी नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सन्ध्या सुनार | श्री मुक्ति माध्यामिक विद्यालय | २०६८/६/२६ | ९ | वेगम सुनार | वुवा | १२४१०४१३ | |
| २ | सुदिप सुनार | श्री नेपाल राष्ट्रिय | २०७४/४/२७ | ३ | वेगम सुनार | वुवा | १२४१०४१३ | |

Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | विद्यालय | | | | | | |
| ३ | अनिस के.सी. | श्री गौमुखी माध्यमिक विद्यालय | २०७४/०२/०३ | ३ | इन्द्र बहादुर के.सी. | वुवा | ०९६३८७८८ | |
| ४ | एन्जिला के.सी. | श्री गौमुखी माध्यमिक विद्यालय | २०७०/११/२६ | ७ | इन्द्र बहादुर के.सी. | वुवा | ०९६३८७८-८ | |
| ५ | जिबन राना | श्री महेन्द्र आधारभूत विद्यालय पैंयूपाटा | २०७३/०६/१२ | ३ | दुर्गा राना | वुवा | ०९०९०२९८ | |
| ६ | मोहन थापा | श्री महेन्द्र आधारभूत विद्यालय पैंयूपाटा | २०६७/०६/२० | ८ | आकाश थापा | वुवा | ०५७७१८९२ | |
| ७ | नारायण राना | श्री वाईचौर प्राथमीक विद्यालय | २०६९/१२/२५ | १ | दुर्गा राना | वुवा | ०९०९०२९८ | |
| ८ | लाल कुमार थापा | श्री महेन्द्र आधारभूत विद्यालय पैंयूपाटा | २०६४/०५/१४ | ७ | रुपन थापा | वुवा | ४१३५३१७ | |
| ९ | युसन जि. सी. | एभरग्रिन ईङ्गलिस वोडिङ्ग | २०७७/०८/०९ | एल के जि | रमेश जि. सी. | वुवा | ०९३३८६६२ | |

Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | स्कुल | | | | | | |
| ० | युरिसा जि. सी. | एभरग्रिन ईङ्गलिस वोडिङ्ग स्कुल | २०७२/०२/०१ | ५ | रमेश जि. सी. | वुवा | ०९३३८६६२ | |
| ११ | विवश के.सी. | श्री वाल जीवन सुधार आधारभूत विद्यालय | २०७१/१०/०२ | ५ | वोम वहादुर के.सी. | वुवा | ०६६१९५०३ | |
| १२ | वर्षा के.सी. | श्री वाल जीवन सुधार आधारभूत विद्यालय | २०७६/०४/१७ | २ | वोम वहादुर के.सी. | वुवा | ०६६१९५०३ | |
| १३ | अनिसा के.सी. | श्री महेन्द्र माध्यामिक विद्यालय | २०६७/०८/२९ | १० | वोम वहादुर के.सी. | वुवा | ०६६१९५०३ | |
| १४ | उषा मल्ल | श्री जनसहयोगी माध्यमिक विद्यालय | २०६७/०१/०८ | ८ | भोज विक्रम मल्ल | वुवा | ०७१३९१३१ | |

निर्णय नं. ५ : नेवा कार्यक्रमको पहिलो किस्ता भुक्तानी सम्वन्धमा।

गौमुखी गाउँपालिका र नेपाल स्वास्थ्यको लागि पानी (नेवा) बीच खानेपानी,सरसफाई तथा स्वच्छता आयोजना संचालन सम्वन्धी द्विपक्षीय समझदारी पत्रमा गाउँपालिकाबाट सम्बन्धित आयोजनाको लागि विनियोजित

समपुरक कोष अनुमानित लागतको आधारमा दुई किस्तामा उपलब्ध गराइने जस मध्ये पहिलो किस्ता रकम सम्झौता पश्चात (सम्झौताको प्रतिलिपी र नेवाको सिफारिस पत्रको आधारमा ) आयोजनाको अनुमानित लागतको कम्तिमा ३३ प्रतिशत रकम भुक्तानी गर्नुपर्ने रहेकोमा नेवाले सम्झौता बमोजिम पहिलो किस्ता ३३ प्रतिशत रकम भुक्तानीको लागि द्विपक्षीय सम्झौताको प्रतिलिपी, गठन भएका उपभोक्ता समितिहरु संग भएको सम्झौताको प्रतिलिपी, उपभोक्ता समितिको निर्णय तथा भुक्तानिको लागि निवेदन र नेवाको सिफारिसि पत्र सहितका कागजात पेश भएकोले सम्झौता बमोजिम गौमुखी गाउँपालिकाले व्यहोर्ने जम्मा रकम रु ८८,८०,७५१/- (अठासि लाख असि हजार सात सय एकाउन्न) को पहिलो किस्ताको ३३ % रकम रु २९,३०,६४७.८३/-(उनान्तिस लाख तिस हजार छ सय सत्चालिस) रकम सम्बन्धीत खानेपानी सरसफाइ उपभोक्ता समितिहरुको खातामा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६ : विद्या लय भौतिक पूर्वाधार निर्माण कार्यक्रम कार्यान्वियन सम्बन्धमा ।**

आर्थीक वर्ष २०८२/०८३ को विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गतको स्वीकृत कार्यक्रम अनुसार गौमुखी गाउँपालिकालाई वित्तीय हस्तान्तरण भई आएको निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान शिर्षकको कार्यक्रम कार्यान्वियनको लागि "विद्यालय भौतिक पूर्वाधार निर्माण गुरुयोजना २०८२" को अनुसूची १ बमोजिमका विद्यालयहरुमध्येबाट आवश्यकता र औचित्यताका आधारमा ४ कोठे भवन निर्माण गर्न देहायबमोजिमका विद्यालयहरु छनौट गर्ने सर्वसम्मतरुपमा निर्णय गरियो।

देहाय :

१. अर्खा माध्यमिक विद्यालय, गौमुखी गाउँपालिका -१,प्यूठान।

२. महेन्द्र माध्यमिक विद्यालय,गौमुखी गाउँपालिका-४,प्यूठान।

**निर्णय नं. ७ : समपुरक योजनाको पुनः ठेक्का बन्दोबस्त सम्बन्धमा ।**

गौमुखी गाउँपालिका प्यूठान जिल्लाको उत्तरी भुभागमा अवस्थित छ।जहाँ जटिल भौगोलिक अवस्थाको कारण भौतिक पुर्वाधारको विकासको दृष्टिकोणले अत्यन्तै पछाडि परेको छ।साथै सागुरो सडकका कारण वर्षेनि गाडीहरु दुर्घटनामा परि धेरै मानिसहरुको अनाहकमा मृत्य भइराखेको अवस्था छ। यस्तो जटिल परिस्थिति हुदा पनि यो सडक संघिय सरकार र प्रदेश सरकारको हाल सम्म नजर पर्न नसकेको र स्थानीय तहको पनि आफै निर्माण गर्न सक्ने आन्तरिक श्रोत नरहेको अवस्थालाई मध्यनजर गर्दै देहायवमोजिम गौमुखी गाउँपालिकालाई संघिय र प्रदेश सरकारवाट समपुरक अनुदानमा परेका योजनाहरु ठेक्कामा लैजादा बचेको जम्मा रकम को सोहि समपुरक योजनाहरुको कार्यान्वियनको लागि पुन ठेक्का बन्दोबस्त गर्नको लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

घनश्याम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

देहाय :-

| क्र. स. | श्रोत | योजनाको नाम | कुल बजेट | न्युनतम परेको रकम | कुल बचेको रकम | पुनः ठेक्का बन्दोबस्तबाट कार्यान्वयन गरिने योजना | अनुरोध गरिने निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार समपुरक अनुदान | आरावारे अर्खा लिवासे सडक स्तरोन्नती | १३००० ०००.०० | ६०४२७९८.२८ (भ्याट सहित) | ६९५७२०१.७२ | आरावारे अर्खा लिवासे सडक स्तरोन्नती | नेपाल सरकार अर्थ मन्त्रालय,सिंहदर बार,काठमान्डौ |
| २ | प्रदेश सरकार समपुरक अनुदान | हरियाखोला फलाटे सडक स्तरोन्नति | १२५०० ०००.०० | ६७४३४५२.४३ (भ्याट सहित) | ५७५६५४७.५७ | हरियाखोला फलाटे सडक स्तरोन्नति | आर्थीक मामिला तथा योजना मन्त्रालय,राप्ती उपत्यका (देउखुरी),नेपाल |

निर्णय नं. ८ : शिक्षकको स्थानीय भत्ता सम्वन्धमा ।

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/०८३ मा शिक्षकको स्थानीय भत्ता उपलब्ध गराउने सम्वन्धमा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी अस्थायी/करार शिक्षक एवम् प्राविधिक धारमा कार्यरत प्रशिक्षक/सहायक प्रशिक्षकको हकमा स्थानीय भत्ता पाउने जिल्ला भएमा वर्ष भरीमा जम्मा १०.५ महिनाको स्थानीय भत्ता उपलब्ध गराउने व्यवस्था उल्लेख भएको छ। नेपाल सरकार अर्थ मन्त्रालय को मिति २०७१/०४/०२ को पत्रानुसार वि.सं. २०७१ श्रावण १ गतेदेखि स्थानीय भत्ता प्रयोजनको लागि स्थान वर्गिकरण अन्तर्गत गौमुखी गाउँपालिका "ग" वर्गको स्थानीय भत्ता पाउने पालिका पर्दछ। गत आ.व.मा शिक्षकहरुको स्थानीय भत्ता भुक्तानी नगरेको र यस आ.व. देखि शिक्षकहरुले स्थानीय भत्ता निकासा गर्नको लागि आ.व. २०८२/०८३ मा सशर्त अनुदान अन्तर्गत विनियोजित शिक्षक तलव भत्ता शिर्षकमा तपसिल बमोजिमको रकम अपुग हुने देखिएकोले सोको लागि आवश्यक थप बजेट उपलब्ध गराइदिनको लागि श्री शिक्षा तथा मानवस्रोत विकास केन्द्र,सानोठिमी भक्तपुरलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ९ : रकम उपलब्ध गराउने सम्वन्धमा ।

गौमुखी गाउँपालिकामा संघीय सरकार,स्थानीय तह र उपभोक्ता समितिको लगानिमा संचालनमा रहेका देहायका झौलुङ्गे पुलहरु देहायबमोजिम खर्च हुने गरि सम्झौता भएको र हालसम्म बजेट अभावकाकारण हाल सम्म कार्य सम्पन्न हुन नसकेकोले नेपाल सरकार,सहरिविकास मन्त्रालय,स्थानीय

घनश्याम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

ाधार विकास विभाग,झोलुङ्गे पुल शाखा,श्रीमहल निवास पुल्चोक,ललितपुरलाई सम्झौता बमोजिम संघीय सरकारले बेहोर्ने भनिएको जम्मा रकम उपलब्ध गराउन अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

देहाय :

| क्र.सं. | झोलुङ्गे पुलको नाम | जम्मा लागत | संघले गर्ने लगानि रकम | गाउँपालिकाले गर्ने लगानि | उपभोक्ता समितिले गर्ने लगानि | हाल सम्म जम्मा प्राप्त पेश्की | संघीय सरकारले उपलब्ध गराउनु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| १ | दोभान खोला झोलुङ्गे पुल | ३२६१२५८ | २७७२०७९ | ४२३९६३ | ६५२३४ | ३८७३३३ | २३८४७४६ |
| २ | तिखाचुली झोलुङ्गे पुल | ३५७४३४५ | ३०३८१९२ | ४६४६६४ | ७१४८९ | २७४६३५ | २५७३५२८ |
| ३ | वाग्लिवाङ्ग झोलुङ्गे पुल | ४१७०४३५ | ३५४४८६९ | ५४२१५६ | ८३४०१० | ५२८०३६ | ३०१६८३३ |

निर्णय नं. १०: लेखा परीक्षक छनौट सम्बन्धमा ।

गौमुखी गाउँपालिकाका विद्यालयहरुको आ.व. २०८१/०८२ को लेखा परीक्षणको लागि देहाय वमोजिमका फर्महरुलाई छनौट गर्ने सर्वसम्मतरुपमा निर्णय गरियो।

देहाय :

| क्र.सं. | फर्म | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | आर के न्यौपाने एण्ड एशोसियट्स | घोराही उ.म.न.पा.-१५,भरतपुर,दाङ | |
| २ | पि.डि.खड्का एण्ड एशोसियट्स | प्यूठान नगरपालिका-७,प्युठान | |
| ३ | एम चापागाइ एण्ड एशोसियट्स | चकुपाट-११,ललितपुर | |
| ४ | खिम प्रसाद अर्याल एण्ड एशोसियट्स | तिलोत्तमा-३,रुपन्देही | |
| ५ | डि.के.सी. एशोसियट्स | प्यूठान नगरपालिका,प्युठान | |
| ६ | जि.एस.न्यौपाने एण्ड एशोसियट्स | प्यूठान नगरपालिका-३,प्युठान | |

धनश्याम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्युठान
लुम्बिनी प्रदेश,नेपाल

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ४ | खिम प्रसाद अर्याल एण्ड एशोसियट्स | तिलोत्तमा-३,रुपन्देही | |
| ५ | डि.के.सी. एशोसियट्स | प्यूठान नगरपालिका,प्युठान | |
| ६ | जि.एस.न्यौपाने एण्ड एशोसियट्स | प्यूठान नगरपालिका-३,प्युठान | |

**निर्णय नं. -११ : भेरिएसन आदेश स्वीकृत सम्बन्धमा।**

गौमुखी गाउँपालिका अन्तर्गत ठेक्का नं. 5-GRM- PYU- NCB-WORKS/080/081 को प्रशासकीय भवन निर्माण कार्य गर्दा गर्दै केहि आईटम थप घट गर्नुपर्ने र केहि नया आईटमहरु नयाँ थप्नुपर्ने जस्तै Providing and laying Random Rubble Stone massonary Work, false ceiling, iron works etc Items मा फेरवदल हुन् आएको र पुर्व पक्ष विच कार्यालयले तयार पारेको शुरु लागत अंकमा शुरु ठेक्का कवोल अंकको २५.२२% घटने गरी Rate Negotiation भई Item थप गरि उक्त ठेक्काको भेरिएसन अडर -१ गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र खरिद नियमावली, २०६४ को नियभ ११८ बमोजिम विषेशज्ञ समितिको प्रतिवेदन अनुसार Variation Sheet मा उल्लेखित Orginal Contact Amount लाई Change Contract Amount को आधारमा भेरिएसन अडर-१ लाई स्वीकृत गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. १२ : निर्देशिका संशोधन सम्वन्धमा ।**

ग) गौमुखी गाउँपालिकाबाट निर्माण गरेको सार्वजनिक खर्चको पापदण्ड तथा मितव्यिता सम्वन्धी निर्देशिका,२०७५ लाई समय सान्दर्भिक र व्यवस्थित गर्न देहायवमोजिमको दफामा संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो।

देहाय :

१. सार्वजनिक खर्चको पापदण्ड तथा मितव्यिता सम्वन्धी निर्देशिका,२०७५ को परिच्छेद २,दफा १ को ख) मा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले अध्यक्षता गर्ने विभिन्न कार्यालयका शाखाहरुको वैठकमा रु १५०० भन्दा वढी नहुने गरी वैठक भत्ता प्रदान गर्न सकिने छ भन्ने सट्टा संशोधन गरि गाउँपालिका अध्यक्ष,उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले अध्यक्षता गर्ने विभिन्न कार्यालयका शाखाहरुको वैठकमा र योजना तथा कार्यक्रमको अनुगमनमा रु १५०० भन्दा वढी नहुने गरी वैठक भत्ता र अनुगमन भत्ता प्रदान गर्न सकिने छ।तर कार्यालयको कामले अन्यन्त्र जादाको सुरु र अन्तिम दिनको वैठक भत्ता तथा अनुगमन भत्ता लिन बाधा पर्ने छैन। भन्ने परिभाषालाई कायम गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२ सार्वजनिक खर्चको पापदण्ड तथा मितव्यिता सम्वन्धी निर्देशिका,२०७५ को परिच्छेद २.दफा ४ को उपदफा १ लाई संशोधन गरि प्रशिक्षक सम्वन्धी भएको भाषाको प्रयोग लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,२०७९ अनुसार कायम गर्ने र खर्चलाई समय सान्दर्भिक र आवश्यकतामा आधारित बनाउन सहयोगी भत्ता पनि १००० तालिम तथा कार्यक्रम संचालकको १००० कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

घनश्याम [illegible]
प्रमुख प्रशासकीय [illegible]